# आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको
# मिती २०६७ कार्तिक १४ गते आईतवारका दिन सम्पन्न भएको
# सातौं बार्षिक साधारणसभाको निर्णयको विवरण

भाटभटिनी, काठमाण्डौ

# आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको
# सातौं बार्षिक साधारणसभाको
# निर्णयको विवरण

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको सातौं बार्षिक साधारणसभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष तथा प्रमुख कार्यकारी संचालक श्री रामबाबु पन्तज्यूको सभापतित्वमा देहाय बमोजिम गरी सम्पन्न भयो ।

१) **सभा भएको मिति, स्थान र समय**

मिति : २०६७ कार्तिक १४ गते आईतवार (तदनानुसार ३१ अक्टोवर २०१०)

समय : विहान ११ बजे ।

स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जाउलाखेल, ललितपुर ।

२) **सभाको सूचना प्रकाशन**

(क) यस कम्पनीको मिति २०६७/०६/१४ गतेका दिन बसेको सञ्चालक समितिको ९९औं बैठकले निर्णय गरे बमोजिम सातौं बार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार मिति २०६७ साल असोज १८ गते समाचारपत्र र मिति २०६७ असोज २४ नयाँ प्रत्रिकामा दैनिकमा एक/एक पटक गरि दुई पटक प्रकाशित भएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमको बार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरण, प्रबन्धपत्रको प्रस्तावित संसोधन सहितको विवरणहरु सम्बन्धीत शेयरधनीहरुको ठेगानामा सातौं बार्षिक साधारणसभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारणसभामा छलफल हुने बार्षिक आर्थिक विवरण, सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, ऐ. को दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा पेश हुने प्रस्तावहरु समेत तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारणसभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र विनिमय बजार लिमिटेड तथा नेपाल धितोपत्र बोर्डको कार्यालयलाई अनुरोध गरी पत्राचार गरिएको र साधारणसभामा उपस्थित भई दिन कानूनी सल्लाहकार तथा लेखापरीक्षकलाई अनुरोध गरी पत्र पठाईएको ।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु**

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक बर्ष २०६६/६७ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक बर्ष २०६६/६७ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०६७/६८ को लागि लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक अनुमोदन गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम वर्तमान लेखापरीक्षक राजबहाक एण्ड कम्पनी पुन: नियुक्त हुन सक्नु हुने छैन) ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १५.०० प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

**(ख) विविध ।**

४) **सभामा उपस्थिति**

(क) **संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री रामबाबु पन्त | अध्यक्ष तथा प्रमुख कार्याकारी संचालक |
| श्री विक्रम विष्ट | सञ्चालक |
| श्री बिपीनकुमार रेग्मी | सञ्चालक |
| श्री अच्युतराज आचार्य | सञ्चालक |
| श्री प्रबिण ढुंगाना | सञ्चालक |
| श्री राजेन्द्रगोपाल श्रेष्ठ | सञ्चालक |

(ख) **पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी**

१. श्री नवराज पण्डित, श्री नेपाल धितोपत्र बोर्ड
२. श्री सिद्धिनाथ मिश्र, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
३. श्री पूर्ण चन्द्र आत्रेय, कम्पनी रजिष्ट्रारको कार्यालय
४. श्री नरेन्द्र गौतम, जुरिष्ट एण्ड कम्पनी प्रा.लि.(कानूनी सल्लाहकार)
५. श्री सुनिल पन्त, कम्पनी सचिव तथा महाप्रबन्धक
६. श्री लालबहादुर थिंग, सहायक महाप्रबन्क
७. श्री अमित श्रेष्ठ, प्रबन्धक

(ग) **शेयरधनीको उपस्थित**

| | |
|---|---|
| (क) शेयरधनी स्वयं | ९७ |
| (ख) प्रोक्सीबाट | ३३ |
| **जम्मा उपस्थित** | **१३०** |

५) **सभाको गणपुरक संख्या**

| शेयर तथा शेयरधनी | जम्मा शेयर संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | शेयरको प्रतिनिधित्व प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | ३२,९३,८३६ | ६,९६,८९७ | ११,८७,७८४ | १८,८४,६८१ | ५७.२२ |
| शेयरधनी | ३,५१८ | ९७ | ३३ | १३० | |

६) **सभाको वैधानिकता**

सभा संचालन गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावली बमोजिम कुल शेयर संख्याको पचास प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरवालाहरु मध्ये तिन जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्धारा उपस्थिती हुनुपर्ने प्रावधान अनुसार कम्पनीको सातौं बार्षिक साधारणसभामा कुल शेयर संख्या मध्ये ५७.२२ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने ९७ जना शेयरधनीहरु स्वयं सभामा उपस्थित भएको र ३३ जना प्रतिनिधि मार्फत उपस्थित भई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा संचालन गर्नका लागी गणपुरक संख्या पुगी सभा वैधानिक रहेको कुरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

७) **सभाको सभापतित्व**

बार्षिक साधारणसभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम संचालक समितिका अध्यक्ष तथा प्रमुख कार्यकारी संचालक श्री रामबाबु पन्तज्यूले सभापतिको आसन ग्रहण गर्नु भयो । साथै संचालक समितिका अन्य सदस्यज्यूहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक समेतलाई सभास्थलको मन्चमा आई बस्न कम्पनी सचिवले अनुरोध गरे वमोजिम वहांहरु समेतले आसन ग्रहण गर्नुभयो ।

८) **सञ्चालक समितिको बार्षिक प्रतिवेदनको प्रस्तुति**

सभापति महोदयले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै सातौं वार्षिक साधारणसभाको कार्यक्रम अघि बढाउंनु भयो । यसरी सभाको कार्यक्रम अघि बढाउंने क्रममा सभापति महोदयले सञ्चालक समितिको तर्फबाट सातौं बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण समेतको विवरण पूस्तिका शेयरधनीहरुले अध्ययन गरी सक्नु भएको हुंदा संक्षिप्त रुपमा आफ्नो मन्तव्य सभामा प्रस्तुत गर्नुभयो ।

९) **सातौं वार्षिक प्रतिवेदन तथा नाफा नोक्सान हिसाबको प्रस्तुती**

सभाका सभापतिज्यूले संचालक समितिको तर्फबाट कम्पनीको सातौं बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०६६\०६७ को वासलात, नाफा–नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र अनुसुचिहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागी प्रस्तुत गर्नुभयो ।

१०) **छलफलको लागि आव्हान**

साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूचि उपर छलफल गर्न सक्ने ब्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप सभापतिज्यूले सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०६६\०६७ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनूसूचिहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ-आफ्नो मन्तब्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागि हुन अनुरोध गर्नुभयो ।

११) **छलफलमा सहभागी हुने शेयरधनीहरु र निजहरुले ब्यक्त गरेका धारणाको संक्षिप्त विवरण:**

१. **सुरेश मणि दिक्षीत**

क. १५ प्रतिशत नगद लाभांस दिनु भएकोमा धन्यवाद ।
ख. आर्थिक वर्ष २०६६।६७ मा ४ वटा शाखा विस्तार गरेकोमा स्वागत ।
ग. कर्जा र निक्षेपको अनुपातको तालमेल नमिलेकोले तरलता धेरै भयो ।
घ. No Risk No gain को अवधारणालाई मध्यनजर गर्दै कर्जा लागानि लाई बढाउन सुभmव ।
ङ बार्षिक प्रतिबेदन समयमा नै पठाउन सुझाव दिनु भयो ।
च. Insurance Companies को शेयरमा दोस्रो बजारमा लगानी गर्न सझाव दिनु भयो ।।
छ. समयमा साधारण सभा भएकोमा धन्यवाद दिनु भयो ।

२. **श्री शिवप्रसाद शर्मा**

क. कम्पनीको प्रगति तथा विकासको लागि कम्पनीका पदाधिकारीहरुलाई धन्यवाद ।
ख. लगानीकर्ताहरुलाई प्रत्यक वर्ष प्रतिफल दिएकोमा धन्यवाद ।
ग. नगद लाभांशको लागि कम्पनीलाई धन्यवाद ।
घ. फाराममा शेयर प्रमाणपत्रको सट्टा शेयरधनी नं हुनुपर्ने ।
ङ Remittance भित्राउने कार्यक्रम तर्जुमा गरि लागु गर्ने सुझाव दिनु भयो ।
च. प्रोक्सि फारममा शेयरधनि नम्बर लेख्न सुझाव दिनु भयो ।
छ शाखा खोल्दा मुनाफा लाई ध्यानमा राखेर अगाडी वढना सुझाव ।
ज. कर्मचारी Retention Policy मा ध्यान दिन सुझव ।

**३. श्री इन्द्र कृष्ण श्रेष्ठ**

क.	१५ प्रतिशत नगद लाभांस दिनु भएकोमा धन्यवाद ।
ख.	NPA घटाउन सुझाव ।
ग.	वार्षिक प्रतिबेदन सभयमा उपलब्ध गराउन सुझाव ।
घ.	कर्मचरी कति महिला र कति पुरुश छन् प्रतिबेदनमा खुलाउन सुझाव ।
ङ	विगत वर्षको अवितरित नगद लाभांश वितरण गर्न पहल गर्न सुझाव ।

**४. श्री अमिर दास रन्जित**

क.	सि.डि रेसियो हेर्दा फण्डको अधिकतम उपयोग भएको देखिन्छ ।
ख.	निक्रिय कर्जा घटेको राम्रो तर कर व्यवस्थापन गर्न समायोजन गर्न सुझाव ।
ग.	Borrowing भन्दा व्यत्तिगत निक्षेपमा ध्यान दिन सुझाव ।
घ.	शेयर धनि खाता योजना संचालन गर्न सुझाव ।
ङ	सस्थालाई upgrade गर्न सुझाव दिनु भयो ।
च.	कर्जा तथा निक्षेपको अनुपात कस्तो रहेको छ भन्ने वारे जिज्ञासा राख्न भयो ।
छ.	डिपोजिट संरचना राम्रो राख्न संस्था सफल भएको विचार राख्नु भयो ।

**५. श्री दिनेश राज पन्त**

क.	कम्पनीले राम्रो गरेकोमा धन्यवाद दिनको लागि उपस्थित भएको छु ।
ख.	१५ प्रतिशत नगद लाभांश बाँड्न सफल भएका कुराहरु स्वागत योग्य छन् ।
ग.	शाखा र कार्यक्षेत्र विस्तार गर्नु भएकोमा सराहनिय ।

**६. श्री राम गोपाल मर्हजन**

क.	शेयरहोल्डर हरुलाई खाता खोल्न प्रोत्साहित गर्न उपयुक्त Scheme ल्याउन सुझाव दिनु भयो ।
ख.	शाखा विस्तार गर्दा प्रयाप्त गाडि पार्किगं र सुरक्षको व्यवस्थालाई ध्यान दिन सुझाव ।
ग.	ATM राख्दा पनि स्थानको राम्रो पहिचान गर्न सुझाव ।

**७. श्री लव राज जोशि**

क.	गत वर्ष १०% र यस वर्ष १५% नगद लाभांस वितरण गर्न सफल भएकोमा धन्यवाद ।
ख.	कर्जा प्रवाहमा विविधिकरण र नयाँ Product ल्याउन सुझाव ।
ग.	निस्क्रीय कर्जा कम कायम गर्न सकेकोमा सराहनिय ।
घ.	व्याज आम्दानी बढाउन सुझाव ।
ङ.	अन्य आम्दानीवाट संचालन खर्च धान्न सुझाव ।
च.	लगानीलाई विविधिदिकरण गर्नमा ध्यान दिनु सुझाव ।
छ.	कम्पनीले दिर्घकारीन योजना तर्जुमा गरि अधि वढन सुझाव ।

१२.	**सभापतिाज्यूको प्रतिउत्तरः**

माथि उल्लेखित शेयरधनीहरुले उठाएका सुझाव, जिज्ञासा मन्तव्यमा संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारी संचालक श्री रामवावु पन्तज्यू को प्रतिउत्तर :

सर्वप्रथम म यस संस्थाको सातौं वार्षिक साधारणसभालाई सार्थक तथा जिवन्त वनाउन श्री सुरेश मणि दिक्षीत, श्री शिवप्रसाद शर्मा, श्री दिनेशराज पन्त, श्री अमिरदास रन्जित, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्री अमिर दास रन्जित, श्री राम गोपाल महर्जन र श्री लवप्रसाद जोशिज्यूहरुले दिनु भएको सुझावको सरहान गर्दै उहाँहरुलाई आफ्नो बहुमुल्य समय निकालि साधारणसभा सक्रीय भाग लिइदिनु भएकोमा धन्यवाद दिन चाहन्छु ।

१.	छलफलको क्रममा यस संस्थाको Fees & Commission आदिमा Focus गर्नु पर्ने भनी सुझाव आएकोमा संस्थाले आफ्नो स्थापनाकाल देखिनै Fees Based Activity मा आफ्नो ध्यान केन्द्रित गरेको र आगामि दिनहरुमा समेत यस क्रमलाई निरन्तरता दिने जानकारी गराउनु भयो ।

२. संस्थाको वार्षिक प्रतिबेदन समयमा उपलब्य गराउन र समयानुकुल परिमार्जन गर्न दिइएका सुझावहरुलाई आगामी बर्षमा अझ बढी सतर्कताका साथ अबलम्बन गरिने जानकारी गराउनु भयो ।

३. हाल बैंकिंग क्षेत्रमा तरलताको अभाव देखिएको र यसवाट व्याजदर बृद्धि हुनको साथै आगामि दिनहरुमा कारोवार विस्तार गर्न चुनौति पुर्ण हुने सभालाई जानकारी गराउनु भयो ।

४. कम्पनीको छवि बृद्धिमा शेयरधनीमहानुभावहरुको सदभाव सधा झै रहने पुर्ण बिश्वास रहेको सभालाई जानकारी गराउनु भयो ।

५. स्विकृत नगद लाभांश भाली देखि वितरण गरीने सभालाई जानकारी गराउनु भयो ।

६. संस्थको घर जग्गा खरिदको वारेमा हाललाई केहि Plan नरहको सभालाई जानकारी गराउनु भयो ।

७. आगामी बर्षहरुमा अझै राम्रो Performance गर्दै लाभांश दिन सकिने कुरामा शेयरधनीहरुलाई विश्वस्त हुन आग्रह गर्नुभयो ।

८. कर्जा प्रवाह गर्दा निक्षेप कर्ताको हकहित पुर्णरुपमा संरक्षण हुने ढंगवाट सुरक्षित कर्जामा मात्र साधन प्रवाह गर्ने संस्थाको निति रहेको सभालाई जानकारी गराउनु भयो ।

अन्तमा उहाँले यस सभामा उठेका बिभिन्न बिषयमा संस्थाले मनन गरि शेयरधनिहरुको मनसाय र आकांक्षा अनुरुप कामकारवाहि गर्दै जाने अठोट समेत व्यक्त गर्नुभयो ।

**१३) <u>सभाका निर्णयहरु</u>**

**<u>साधारण प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु</u>**

**१** **<u>संचालक समितिद्धारा प्रस्तुत बार्षिक प्रतिवेदन पारित गर्नेः</u>** सभाको निर्धारित विषयसूची नं. १ बमोजिम सातौं बार्षिक साधारणसभामा संचालक समितिको तर्फवाट अध्यक्षज्युले प्रस्तुत गर्नु भएको बार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात पारित गरी दिन सभापति महोदयले पेश गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२ **<u>लेखापरिक्षकको प्रतिवेदन सहित आ.व.२०६६\०६७ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण पारित गर्ने</u>** : सभाको निर्धारित विषयसूची नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०६६/०६७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरीयो र तत् पश्चात सभापतिज्युले पेश गर्नुभएको प्रस्तावलाई सर्बसम्मतिवाट पारित गरियो ।

**३** **<u>लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमीक तोक्नेः</u>** सभाको निर्धारित विषयसूची नं.३ बमोजिम आर्थिक बर्ष २०६७/०६८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमीक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने क्रममा सभापतिज्यूले कम्पनीको लेखापरीक्षण समितिले लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनीलाई लेखापरीक्षण शुल्क वापत रु.१,१०,०००/- (अक्षरेपी एक लाख दश हजार मात्र) प्रदान गर्ने गरी नियूक्त गर्न सिफारीस गरेको व्यहोरा सभालाई अवगत गराउनु भयो र तत् पश्चात छलफल हुँदा लेखापरीक्षण समितिको सिफारीस अनुसार श्री नेमलाल अमात्य एण्ड कम्पनीलाई लेखापरीक्षण शुल्क वापत रु.१,१०,०००/- (अक्षरेपी एक लाख दश हजार मात्र) प्रदान गर्ने गरी आ.व. २०६७/०६८ को लेखापरीक्षकमा नियूक्त गर्ने सर्वसम्मतीबाट निर्णय गरियो ।

४ **<u>नगद लाभांश बारे</u> :** सभाको निर्धारित विषयसूची नं. ४ मा छलफल हुँदा सञ्चालक समितिले सिफारिस गरे बमोजिम २०६७ आषाढ मसान्तको नाफावाट रु.४,९४,०७,५५०।५० (रुपैया चार करोड चौरानब्बे लाख सात हजार पाँच सय पचास र पैसा पचास मात्र) मा कानून बमोजिम लाग्ने कर कट्टा गरी नगद लाभांश शेयरधनीहरुमा वितरण गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

**१४) धन्यवाद ज्ञापन तथा सभाको विसर्जन**

अन्त्यमा सभापतिज्यूले सभामा छलफल गर्नुपर्ने अन्य विविध प्रस्ताव नभएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनु भयो । त्यसै गरी कम्पनीको सातौं बार्षिक साधारणसभा सम्पन्न गर्न सहयोग पुऱ्याउने व्यवस्थापन टोली, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा रसियन कल्चरल सेन्टर, लेखापरिक्षक, जुरिष्ट एण्ड कम्पनीको प्रतिनिधि लगायत सम्पूर्ण संचालकहरुले पुऱ्याउनुभएको सहयोगको लागि आभार व्यक्त गर्नुभयो ।

तत्पस्चात सभापतीज्यूले अपरान्ह १२:४५ बजे सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| द. | द. |
| ...................................... | ................................. |
| (सुनिल पन्त) | (रामबावु पन्त) |
| कम्पनी सचीव | सभापति |